मा. कृषि तथा पशुपन्छी विकास मन्त्रीस्तरबाट
स्वीकृत मिति २०८०।०८।०१

# पशुजन्य उद्योग स्थापना, निकासी पैठारी सिफारिस र विक्रीवितरण अनुमति सम्बन्धी निर्देशिका, २०८०

**प्रस्तावना:** पशुजन्य उद्योग स्थापना, निकासी पैठारी सिफारिस तथा विक्रीवितरणको लागि अनुमति प्रदान गर्ने प्रकृयालाई व्यवस्थित, सहज, प्रभावकारी र पारदर्शी बनाई प्रचलित कार्यविधिमा उल्लेखित व्यवस्थालाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम २२क ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "पशुजन्य उद्योग स्थापना, निकासी पैठारी सिफारिस र विक्रीवितरण अनुमति सम्बन्धी निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अनुमति" भन्नाले विक्रीवितरण प्रयोजनको लागि दिइने अनुमति पत्र सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्छ।

(ग) "नेपाल राष्ट्रिय एकद्वार प्रणाली" भन्नाले आयात निर्यात प्रयोजनको लागि नेपाल सरकारले लागु गरेको वेबमा आधारित "Nepal National Single Window" प्रणाली सम्झनु पर्छ।

(घ) "उपसमिति" भन्नाले यस निर्देशिकाको दफा ५ बमोजिम गठित प्राविधिक उपसमितिलाई सम्झनु पर्छ।

(ङ) "कार्यालयहरू" भन्नाले पशु क्वारेन्टाइन महाशाखा, भेटेरिनरी गुणस्तर तथा औषधी नियमन प्रयोगशाला र राष्ट्रिय पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन प्रयोगशालालाई सम्झनु पर्छ।

(च) "नियमावली" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ सम्झनु पर्छ।

(छ) "निर्देशिका" भन्नाले "पशुजन्य उद्योग स्थापना, निकासी पैठारी सिफारिस र विक्रीवितरण अनुमति सम्बन्धी निर्देशिका, २०८०" सम्झनु पर्छ।

(ज) "पशुजन्य उद्योग" भन्नाले जैविक पदार्थ, चल्ला, माछाका भुरा, पशु दाना, छाला तथा मासु प्रशोधन, डिसइन्फेक्टेन्ट र अन्य पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री सम्बन्धी उद्योग सम्झनु पर्छ।

(झ) "विभाग" भन्नाले नेपाल सरकार, पशु सेवा विभाग सम्झनु पर्छ।

(ञ) "विज्ञ केन्द्र" भन्नाले प्रदेश सरकार अन्तर्गत जिल्लामा रहेको पशु सेवा सम्बन्धी कार्यालय सम्झनु पर्छ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल सचिव

(ट) "मन्त्रालय" भन्नाले नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ठ) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

(ड) "सिफारिस समिति" भन्नाले निर्देशिकाको दफा ३ बमोजिमको समिति सम्झनु पर्छ।

(ढ) "सिफारिस" भन्नाले निकासी पैठारी वा पशुजन्य उद्योग स्थापनाको लागि दिइने सिफारिस पत्र सम्झनु पर्छ।

## परिच्छेद -२

## संस्थागत व्यवस्था

३. <u>सिफारिस समितिः</u> (१) ऐनको दफा १७, १८ र १९ मा भएका व्यवस्था बमोजिम पशुजन्य उद्योग स्थापना, निकासी पैठारी सिफारिस र विक्रिवितरणको अनुमति प्रक्रियालाई व्यवस्थित र सहजीकरण गर्नका लागि विभागमा देहाय बमोजिमको सिफारिस समिति रहने छ-:

| | |
|---|---|
| (क) महानिर्देशक, विभाग | अध्यक्ष |
| (ख) उपमहानिर्देशक, विभाग (२ जना) | सदस्य |
| (ग) प्रमुख,राष्ट्रिय पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन प्रयोगशाला | सदस्य |
| (घ) प्रमुख, भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशाला | सदस्य |
| (ङ) प्रमुख, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय | सदस्य |
| (च) प्रमुख, केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र | सदस्य |
| (छ) प्रमुख, केन्द्रीय खोप उत्पादन प्रयोगशाला | सदस्य |
| (ज) उपमहानिर्देशक, विभाग, पशु क्वारेन्टाइन महाशाखा | सदस्य सचिव |

(२) सिफारिस समितिको बैठक अध्यक्षले बोलाएको मिति, समय र स्थानमा प्रत्येक दश दिनमा बस्नेछ। तर अभिलेखीकरण भई नियमित रुपमा पैठारी भईरहेका पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको हकमा सिफारिस उपसमितिको संयोजकको सिफारिसमा महानिर्देशकले जुनसुकै बखत सिफारिस गर्न बाधा पुगेको मानिने छैन। बैठक सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) आवश्यकता अनुसार प्रस्तुती तथा एजेण्डा उपर छलफलका लागि उपसमितिका अधिकृत प्रतिनिधिलाई सिफारिस समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ।

(४) सिफारिस समितिको बैठकमा आवश्यकता अनुसार बढीमा ३ जनासम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(५) सिफारिस समितिको सचिवालय विभाग अन्तर्गतको पशु क्वारेन्टाइन महाशाखामा रहनेछ।

४. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-



कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

डा. रेवती रमण पौडेल
सचिव

(१) जैविक पदार्थ, चल्ला, माछाका भुरा, पशु दाना, छाला तथा मासु प्रशोधन, डिसइन्फेक्टेन्ट् सम्बन्धी उद्योग स्थापनाका लागि सिफारिस गर्ने,

(२) पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको निकासी पैठारी सम्बन्धी सिफारिस गर्ने,

(३) सिफारिस समितिले निकासी वा पैठारी हुने पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको कोटा एवं गुणस्तर निर्धारण गर्न विभागलाई सहयोग र सिफारिस गर्न सक्नेछ,

(४) सिफारिस समितिले दफा ४ को उपदफा (२) बमोजिमका उद्योगहरूको अनुगमन, र मुल्याङ्कन गर्न सक्नेछ,

(५) सिफारिस समितिले पैठारी भएका पशु, पशुजन्य पदार्थका तथा पशु उत्पादन सामग्रीको आवश्यकता अनुसार अनुगमन मुल्याङ्कन एवं जोखिम विश्लेषण गर्न विभागलाई सहयोग र सिफारिस गर्न सक्नेछ।

५. <u>सिफारिस उपसमिति:</u> समितिको प्राविधिक काम कारवाहीमा सहयोग पुऱ्याउन देहाय बमोजिमका तीनवटा विषयगत सिफारिस उपसमितिहरू रहने छन्।

(१) पशु तथा पशुजन्य पदार्थ सिफारिस उपसमितिः पशु तथा पशुजन्य पदार्थ सिफारिस उपसमिति देहाय बमोजिमको हुनेछ

| | |
|---|---|
| (क) उपमहानिर्देशक, पशु क्वारेन्टाइन महाशाखा, विभाग | संयोजक |
| (ख) वरिष्ठ पशु विकास अधिकृत, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय | सदस्य |
| (ग) वरिष्ठ मत्स्य विकास अधिकृत, केन्द्रीय मत्स्य संरक्षण तथा प्रवर्धन केन्द्र | सदस्य |
| (घ) वरिष्ठ पशु चिकित्सक, पशु क्वारेन्टाइन महाशाखा, विभाग | सदस्य |
| (ङ) पशु चिकित्सक, आयात निर्यात नियमन शाखा, पशु क्वारेन्टाइन महाशाखा, विभाग | सदस्य सचिव |

(२) पशु तथा पशुजन्य पदार्थ सिफारिस उपसमितिको सचिवालय विभाग, पशु क्वारेन्टाइन महाशाखाको आयात निर्यात नियमन शाखामा रहनेछ।

(३) उपसिमितिको बैठकमा आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(४) पशु तथा पशुजन्य पदार्थ सिफारिस उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सौन्दर्य माछा तथा माछाका भुरा र छाला तथा मासु प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्न सिफारिस समिति समक्ष सिफारिस गर्ने,



डा. रेवती रमण पौडेल
सचिव

(ख) जीवित पशु, सौन्दर्य माछा तथा माछाका भुरा (ह्याचलिङ, फिङ्गरलिङ, फ्राई, आइड ऐग आदि) र तत् सम्बन्धी पशुजन्य पदार्थको निकासी वा पैठारी गर्न सिफारिस समिति समक्ष सिफारिस गर्ने,

(ग) जीवित पशु, सौन्दर्य माछा, माछाका भुरा र तत् सम्बन्धी पशुजन्य पदार्थको बिक्री वितरणको अनुमतिपत्र दिन सिफारिस समिति समक्ष सिफारिस गर्ने,

(घ) नेपाल राष्ट्रिय एकद्धार प्रणाली डिजिटल लगायतका विधि मार्फत् पेश भएका निवेदन र विक्रीवितरण अनुमतिका लागि पेश हुन आएका कागजात दर्ता, अभिलेख र सिफारिस समिति समक्ष सिफारिस गर्ने।

(ङ) उपसमितिको कार्यविवरण अनुसारको कार्य गर्न आवश्यकता अनुसार स्थलगत अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन सिफारिस समितिमा पेश गर्ने।

(५) पशु आहारा, दाना पदार्थ र फिड सप्लिमेन्ट सिफारिस उपसमितिः पशु आहारा, दाना पदार्थ र फिड सप्लिमेन्ट सिफारिस उपसमिति देहाय बमोजिमको हुनेछः

| | |
|---|---|
| (क) प्रमुख, राष्ट्रिय पशु आहारा तथा लाइभष्टक गुण व्यवस्थापन प्रयोगशाला | संयोजक |
| (ख) वरिष्ठ पशु विकास अधिकृत, पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन प्रयोगशाला | सदस्य |
| (ग) वैज्ञानिक प्रतिनिधि, राष्ट्रिय पशु आहारा अनुसन्धान केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| (घ) वरिष्ठ मत्स्य विकास अधिकृत, केन्द्रीय मत्स्य संरक्षण तथा प्रवर्धन केन्द्र | सदस्य |
| (ङ) पशु विकास अधिकृत, पशु आहारा विश्लेषण शाखा, राष्ट्रिय पशु आहारा तथा लाइभष्टक गुण व्यवस्थापन प्रयोगशाला | सदस्य सचिव |

(६) उपसिमितिको बैठकमा आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(७) उपसमितिको सचिवालय राष्ट्रिय पशु आहारा तथा लाइभष्टक गुण व्यवस्थापन प्रयोगशालामा रहनेछ।

(८) पशु आहारा, दाना पदार्थ र फिड सप्लिमेन्ट सिफारिस उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः-

(क) पशु आहारा, दाना पदार्थ र फिड सप्लिमेन्ट सम्बन्धी उद्योग स्थापना गर्न सिफारिस समिति समक्ष सिफारिस गर्ने,

(ख) पशु आहारा, दाना पदार्थ र फिड सप्लिमेन्ट र तत् सम्बन्धी पदार्थको निकासी वा पैठारी गर्न सिफारिस समिति समक्ष सिफारिस गर्ने,

(ग) पशु आहारा, दाना पदार्थ र फिड सप्लिमेन्ट र तत् सम्बन्धी पदार्थको मापदण्ड बमोजिम बिक्री वितरणको अनुमतिपत्र दिन सिफारिस समिति समक्ष सिफारिस गर्ने,



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल
सचिव

(घ) नेपाल राष्ट्रिय एकद्धार प्रणाली डिजिटल लगायतका विधि मार्फत् पेश भएका निवेदनहरू र विक्रीवितरण अनुमतिका लागि पेश हुन आएका कागजातहरू दर्ता, अभिलेख, सिफारिस समिति समक्ष सिफारिस र निवेदकहरूसंग पत्राचार गर्ने

(ङ) उपसमितिले स्थलगत अनुगमन, मुल्यांकन गरी प्रतिवेदन सिफारिस समिति समक्षा पेश गर्न सक्नेछ।

(च) उपसमितिले पशु आहारा, दाना पदार्थ र फिड सप्लिमेन्ट र तत् सम्वन्धी पदार्थको निकासी वा पैठारी हुने उत्पादन सामग्रीहरूको दर्ता, र नवीकरण सम्बन्धी विवरण अनुसूची-१ वमोजिम अभिलेख राखी विभागमा पठाउनेछ ।

(९) व्यवसायिक पन्छीका चल्ला, जैविक पदार्थ र डिसइन्फेक्टेन्ट सिफारिस उपसमितिः व्यवसायिक पन्छीका चल्ला, जैविक पदार्थ र डिसइन्फेक्टेन्ट सिफारिस उपसमिति देहाय बमोजिमको हुनेछ

| | | |
|---|---|---|
| (क) | प्रमुख, भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशाला | संयोजक |
| (ख) | वरिष्ठ पशु चिकित्सक, भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशाला | सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, पशु क्वारेन्टाइन महाशाखा, विभाग | सदस्य |
| (घ) | अधिकृत प्रतिनिधि, राष्ट्रिय खोप उत्पादन प्रयोगशाला | सदस्य |
| (ङ) | पशु चिकित्सक, भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशाला | सदस्य सचिव |

(१०) उपसिमितिको बैठकमा आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(११) उपसमितिको सचिवालय भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशालामा रहनेछ।

(१२) चल्ला, जैविक पदार्थ र डिसइन्फेक्टेन्ट सिफारिस उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(च) जैविक पदार्थ, चल्ला, डिसइन्फेक्टेन्ट सम्बन्धी उद्योग स्थापना गर्न सिफारिस समिति समक्ष सिफारिस गर्ने,

(छ) जैविक पदार्थ, चल्ला, डिसइन्फेक्टेन्ट र तत् सम्बन्धी पदार्थको निकासी वा पैठारी गर्न सिफारिस समिति समक्ष सिफारिस गर्ने,

(ज) जैविक पदार्थ, चल्ला, डिसइन्फेक्टेन्ट र तत् सम्बन्धी पदार्थको मापदण्ड बमोजिम बिक्री वितरणको अनुमतिपत्र दिन सिफारिस समिति समक्ष सिफारिस गर्ने,

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल सचिव

(झ) नेपाल राष्ट्रिय एकद्वार प्रणाली डिजिटल लगायतका विधि मार्फत् पेश भएका निवेदनहरू र विक्रीवितरण अनुमतिका लागि पेश हुन आएका कागजातहरू दर्ता, अभिलेख, सिफारिस समिति समक्ष सिफारिस र निवेदकहरूसँग पत्राचार गर्ने

(ञ) उपसमितिले सिफारिस समितिको स्विकृतिमा स्थलगत अनुगमन, मुल्यांकन गरी प्रतिवेदन पेश गर्न सक्नेछ

(ट) जैविक पदार्थ, चल्ला, डिस्इन्फेक्टेन्ट् सम्बन्धी निकासी वा पैठारी हुने सामग्रीहरूको अभिलेख अनुसूची-१ वमोजिम राख्नुपर्नेछ।

(१३) उपसमितिहरूको बैठक सम्वन्धी व्यवस्था

(ठ) उपसमितिहरूको बैठक प्रत्येक दश दिनमा संयोजकले बोलाएको मिति, समय र स्थानमा बस्नेछ।

(ड) उपसमितिहरूको बैठक सञ्चालन सम्बन्धी अन्य व्यवस्था उपसमिति आफैंले निर्धारण गर्नेछ ।

## परिच्छेद ३

## सिफारिस र स्वीकृती सम्बन्धी प्रक्रिया

६. <u>निवेदन प्रविष्ट र पेश गर्नुपर्ने:</u> (१) निकासी पैठारी सिफारिसका लागि निवेदकले नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा प्रविष्ट गर्न सक्नेछ।

(२) जैविक पदार्थ, चल्ला, माछाका भुरा, पशु दाना, छाला तथा मासु प्रशोधन, डिस्इन्फेक्टेन्टको निकासी पैठारी र विक्री वितरण अनुमति तथा उद्योग स्थापनाको लागि सिफारिस लिन प्रदेश पशु सेवा विज्ञ केन्द्र मार्फत वा विभागमा लिखित वा डिजिटल विधिबाट निवेदन पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम निवेदनका ढाँचाहरू अनुसूची-२ देखि अनुसूची-८ मा उल्लेख भए वमोजिम हुनेछन् ।

(४) निवेदकले निकासी पैठारीका लागि निवेदनमा उल्लेख गरेका प्रति वस्तुको लागि नियमावलीमा तोकिए बमोजिमको दस्तुरका दरले हुन आउने जम्मा रकम बैंक खातामा राजस्व दाखिला गर्नुपर्नेछ।

७. <u>स्वीकृती सम्बन्धी प्रक्रिया:</u> (१) निकासी पैठारीका लागि सिफारिस भएका निवेदनहरूलाई सिफारिस समितिको सिफारिसमा महानिर्देशकले डिजिटल विधिबाट स्वीकृति प्रदान गर्न सक्नेछ।।

(२) विभागले उद्योग स्थापनाको सिफारिस तथा विक्रीवितरणको अनुमति नियमावलीको अनुसूची ५ तथा अनुसूची ८ को ढाँचामा प्रदान गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सिफारिस भइ आएका निवेदनहरू महानिर्देशकले स्वीकृत गर्न सक्नेछ। ।

(४) जोखिम विश्लेषण गर्नुपर्ने निवेदनहरुका हकमा कानून बमोजिम जोखिम विश्लेषण गरी उपयुक्तताका अधारमा स्वीकृत गर्न सकिनेछ ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल
सचिव

८. <u>सिफारिस तथा अनुमति मान्य हुने अवधि र अन्य व्यवस्था:</u> (१) विभागबाट प्रदान गरिएको निकासी पैठारी सिफारिस तथा बिक्रीवितरण अनुमतिको मान्य अवधि छ महिना सम्म हुनेछ। तर निकासी पैठारी हुने वस्तु वा सामग्रीको गुण र प्रकृति हेरी विभागले सिफारिस समितिको सिफारिसको आधारमा अधिकतम एक वर्ष सम्म मान्य हुने गरी सिफारिस तथा अनुमति दिन बाधा परेको मानिनेछैन।

(२) जैविक पदार्थ, चल्ला, माछाका भुरा, पशु दाना, छाला तथा मासु प्रशोधन, डिसइन्फेक्टेन्ट सम्बन्धी उद्योगहरूको स्थापनाको लागि सिफारिस लिइ उद्योग दर्ता हुनुपर्ने निकायमा दर्ता भए पश्चात् विभागमा अभिलेखीकरण गराउनु पर्नेछ र सम्बन्धित निकायमा दर्ता नविकरण पश्चात पुनः विभागमा अभिलेखीकरण र नविकरण गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम अभिलेखीकरण र नवीकरणका लागि अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(४) सिफारिस प्रदान गर्न सकिने वस्तुको सूची अनुसूची-१० मा उल्लेख भए अनुसारको हुनेछ।

९. <u>प्रचलित कानून बमोजिम हुने:</u> (१) स्वीकृत भएको सिफारिस वा अनुमति जुन प्रयोजनको लागि लिएको हो सो प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ।

(२) निवेदकले झूठा विवरण पेश गरी सिफारिस लिएमा वा सिफारिसको दुरूपयोग गरेको पाईएमा विभागले प्रचलित कानून बमोजिम सिफारिस रद्द गरी कारवाहीको प्रक्रिया अगाडि बढाउन सक्नेछ।

## परिच्छेद ४

## <u>विविध</u>

१०. <u>अनुमति र सिफारिस प्रदान गर्दा पूरा गर्नुपर्ने प्रक्रिया:</u> (१) पेश भएका निवेदन अनुसार फार्म/संस्था/उद्योग स्थापनाको लागि स्थलगत निरीक्षण अवश्यक देखिएमा विभागले मातहत निकाय वा सम्बन्धित प्रदेशका पशु सेवा विज्ञ केन्द्रबाट गराउन सक्नेछ।

(२) पैठारीको लागि सिफारिस गरिने फिड सप्लिमेन्टहरूको सूची अनुसूची-११ र निःसंक्रमणमा प्रयोग हुने डिसइन्फेक्टेन्ट् वा सोसँग सम्बन्धित अन्य उत्पादनहरूको सूची अनुसूची-१२ अनुसार हुनेछ। परीक्षणको लागि आवश्यक पर्ने नमूनाको हकमा अनुसूची-१३ मा उल्लेख भए अनुसारको हुनेछ।

(३) रेबिज भ्याक्सिन पैठारी अनुमति माग गर्दा विश्व पशु स्वास्थ्य संगठनको मापदण्ड अनुसार सिफारिस प्रदान गरिनेछ।

(४) माछाको भुरा पैठारी गर्दा माछा भुरा बारे मापदण्ड, २०६१ अनुसार सिफारिस प्रदान गरिनेछ।

(५) जैविक पदार्थको पैठारी सिफारिस माग गर्दा जैविक पदार्थ सम्बन्धी भेटेरिनरी मापदण्ड, २०६३ मा व्यवस्था भए अनुसार हुनेछ।

डा. रेवती रमण पौडेल
सचिव

(६) नेपालमा पैठारी गरिने जैविक पदार्थ, फिड सप्लिमेन्ट तथा डिसइन्फेक्टेन्ट र सौन्दर्य माछा पैठारी गर्ने फार्म विभागमा सुचिकृत गराउनु पर्नेछ।

(७) पशुपन्छीमा लगाउने हरेक खोप, दाना, दाना पदार्थ र फिड सप्लिमेन्ट विभागमा अभिलेखकरण गराउनु पर्नेछ। अभिलेखिकरण भएका पशुपन्छीका खोप, दाना, दाना पदार्थ र फिड सप्लिमेन्ट प्रत्येक वर्ष नवीकरण गर्नु पर्नेछ।

(८) अभिलेखिकरण वा नवीकरण गर्नु पुर्व पशुपन्छीका खोप अनिवार्य रूपमा प्रयोगशालामा गुणस्तर परीक्षण गराउनु पर्नेछ र परीक्षण गर्दा लाग्ने आवश्यक सामग्री र दस्तुर पैठारीकर्ता स्वयमले वेहोर्नु पर्नेछ।

(९) परीक्षणमा गुणस्तर प्रमाणित भएका वस्तुहरू मात्र अभिलेखिकरण वा नवीकरण गरिने छ।

(१०) पैठारी गरिने माछाको जात माछा भुरा बारे मापदण्ड २०६१ मा उल्लेख भए अनुसार हुने साथै नेपालको हावापानी (ताजा पानी) मा पालन व्यवस्था गर्न अनुकुल मत्स्य प्रजाती पैठारी गर्न सकिने तर पहिलो पटक पैठारी गर्दा जोखिम विश्लेषण अनिवार्य गरिनुपर्ने।

(११) माछाको भुरा पैठारी गर्दा माछा भुरा बारे मापदण्ड २०६१ मा उल्लेख भए बमोजिमका रोगहरू नलागेको प्रमाणिक प्रमाणपत्र पेश गर्नु पर्नेछ।

११. <u>नियमन, अनुगमन र निरीक्षण:</u> (१) विभाग र मन्त्रालयले उद्योग स्थापना, निकासी पैठारी र बिक्रि वितरण सम्बन्धी कार्यको नियमन, स्थलगत अनुगमन र निरीक्षण गर्न सक्नेछ।

(२) अनुगमनको क्रममा दिइएको निर्देशनहरूको पालन गर्ने दायित्व सम्बन्धित पक्षको हुनेछ।

(३) अनुगमन निरीक्षणको कार्यमा सहयोग गर्नु उद्योगी, व्यवसायी, व्यापारी तथा सरोकारवालाको कर्तव्य हुनेछ।

(४) यस दफा वमोजिम भएका नियमन, अनुगमन तथा निरीक्षणको प्रतिवेदन विभाग र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) पैठारी सिफारिस भएका वा निकासी भइरहेका वस्तुहरुको कार्यालयहरुले कानून बमाजिम नमूना संकलन गरी परीक्षण गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको

नमूना परीक्षणको प्रतिवेदन विभागमा पेश गर्नु पर्नेछ।

(७) विभागले उपदफा (६) वमोजिम प्राप्त प्रतिवेदनलाई आधार मानी आवश्यक निर्णय गर्न सक्नेछ।

१२. <u>गुनासो सम्वन्धी व्यबस्था:</u> यस निर्देशिका बमोजिम उपलव्ध गराईने अनुमति तथा सिफारिस सम्वन्धमा कुनै गुनासो भएमा मन्त्रालयका सचिव (पशुपन्छी विकास तर्फ) समक्ष लिखित वा मौखिक रुपमा पेश गर्न सकिनेछ।



डा. रेवती रमण पौडेल
सचिव

१३. <u>अनुसूचीमा थपघटः</u> यस निर्देशिकाको अनुसूचीमा थपघट गर्ने अधिकार मन्त्रालयमा निहीत रहनेछ ।

१४. <u>बाधा अड्काउ फुकाउः</u> (१) सिफारिस एवम् अनुमति दिइने कार्य डिजिटल माध्यमबाट गर्दा कारणवश प्राविधिक समस्या भई सेवा प्रवाहमा कठिनाई उत्पन्न भएमा निर्देशिकामा उल्लिखित सम्पूर्ण प्रक्रियाहरु पुरा गरी कागजी प्रक्रियाबाट सिफारिस एवम् अनुमति प्रदान गर्न कुनै बाधा पर्ने छैन।

(२) निर्देशिकामा स्पष्ट नभएका तथा निर्देशिका कार्यान्वयनका क्रममा कुनै बाधा परेका विषयमा मन्त्रालयको निर्णयानुसार हुनेछ ।

१५. <u>खारेजी र बचाउः</u> (१) आयात निर्यात सिफारिस, पशु जन्य उद्योग स्थापना तथा बिक्री वितरण अनुमति सम्बन्धी कार्यविधि, २०७३ खारेज गरिएको छ।

(२) उपदफा (१) अनुसारको कार्यविधि बमोजिम भए गरेका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल
सचिव

अनुसूची -१

(दफा ५ को उपदफा (८) र (१२) सँग सम्बन्धित)

## निकासी वा पैठारी गरिने पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीको दर्ता किताबको ढाँचा

दर्ता नम्बर

निकासी/पैठारी गर्ने कम्पनिको नामः

दर्ता भएको वस्तुको वर्गिकरणः पशु/ पशुजन्य पदार्थ/पशु उत्पादन सामाग्री

समुहः जात/वस्तुको नाम/उत्पादनको स्रोत/ सामाग्रीको नाम

उप-समुहः जेनेरिक वा व्यवसायीक नाम

| क.सं. | वस्तुको विवरण | विवरण |
|---|---|---|
| १ | वस्तुको वर्गीकरण (पशु/ पशुजन्य पदार्थ/पशु उत्पादन सामाग्री) | |
| २ | वस्तुको व्यापारीक नाम | |
| ३ | वस्तुमा भएको मिलावट (प्रति युनिट) | |
| ४ | वस्तुको उत्पादन गर्ने कम्पनी | |
| ५ | मुलुक | |
| ६ | वस्तुको प्रयोजन | |
| ७ | वस्तुको प्याकिङ्ग साइज | |
| ८ | प्याकेजिङ्गमा प्रयोग हुने चिजको विवरण | |
| ९ | उत्पादन गर्ने कम्पनिको ISO/GMP/HACCAP/ नम्वर र जारी गर्ने एजेन्सी | |
| १० | सम्बन्धित देशको आधिकारीक निकायमा दर्ता भएको भए दर्ता प्रमाण पत्र जारीगर्ने निकाय र नम्वर | |

डा. रेवती रमण पौडेल
सचिव

अनुसूची -२

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

उद्योग स्थापना/नविकरण सिफारिसको लागि दिइने निवेदनको ढाँचा

मितिः .................................

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।

विषयः सिफारिस पत्र पाऊँ।

प्रस्तुत विषयमा पशुजन्य उद्योग (*उद्योगको नाम उल्लेख गर्नुपर्ने*) स्थापना/नवीकरण प्रयोजनको लागि पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १७ अनुसार तपसिल बमोजिम उल्लिखित कागजातहरु संलग्न राखी सिफारिस पत्र पाँऊ भनी यो निवेदनका साथ अनुरोध गरिन्छ।

निवेदकको
नामः
सहीः
ठेगानाः
मोबाइल नं.

तपसिल

१. पशुजन्य उद्योगको प्रष्ट देखिने रंगीन फोटो, नक्सा, प्रस्तावना, जैविक सुरक्षा सम्बन्धी विवरण
२. ह्याचरी उद्योगको हकमा ह्याचरी मेशीन खरिद गर्ने इन्भ्वाईस पत्र
३. जग्गाको स्वामित्वको प्रमाण, ट्रेस नक्शा तथा भाडामा भए अवधि खुलेको करारनामा
४. वातावरणमा असर नपर्ने सम्बन्धी वातावरण संरक्षण ऐन, २०७६ र सोको नियमावली, २०७७ आकर्षित हुने हकमा सोही बमोजिमका कागजात
५. उद्योग/ कम्पनी दर्ता प्रमाण-पत्र
६. प्यान/भ्याट दर्ता प्रमाण-पत्र
७. कर चुक्ता प्रमाण-पत्र
८. भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस सहित व्यवसायी पन्छी फार्म तथा ह्याचरी संचालन निर्देशिका, २०७१ को अनुसूची-१२ बमोजिमको फारम तथा सिफारिश
९. विभागले माग गरे अनुसार कानुन बमोजिमका अन्य कागजातहरु

डा. रेवती रमण पौडेल
सचिव

अनुसूची -३

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

## चल्ला/माछाको भुरा/ पशु, पशुजन्य पदार्थ/पशु उत्पादन सामाग्री निकासी पैठारी सिफारिसको लागि दिइने निवेदनको ढाँचा

मितिः ...............................

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।

विषयः— सिफारिस पत्र पाऊँ।

मैले/हामीले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १८ अनुसार तल उल्लेख भए बमोजिमको कागजात संलग्न राखी प्यारेन्ट वा ग्राण्ड प्यारेन्ट/चल्ला/माछाको भुरा/पशु/पशुजन्य पदार्थ/पशु उत्पादन सामाग्री निकासी/पैठारी गर्नका लागि सिफारिस पत्र पाउन अनुरोध गर्दछु/गर्दछौं।

सिफारिस माग गरेको विवरण

१. व्यक्ति/संस्था/फर्मको नाम ठेगानाः
२. निकासी/पैठारी गरिने वस्तुः
३. परिमाणः
४. जातः
५. निकासी/पैठारी गरिने कम्पनी र देशः
६. निकासी/पैठारी गरिने मितिः
७. निकासी/पैठारी गरिने नाकाः
८. अन्यः

निवेदकको:
नामः
सहीः
ठेगानाः
फार्म/संस्था/उद्योगको नामः
मोवाइल नं.

संलग्न/प्रविष्ट हुनुपर्ने कागजातहरु

१. भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस
२. उद्योग/ कम्पनी दर्ता प्रमाण-पत्र
३. प्यान/भ्याट दर्ता प्रमाण-पत्र
४. कर चुक्ता प्रमाण-पत्र

डा. रेवती रमण पौडेल
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

५.	इनभ्वाइस पत्र
६.	नविकरण गरेको प्रमाण-पत्र
७.	गुणस्तर खुलेको प्रमाण-पत्र
८.	विभागले माग गरे अनुसार कानुन बमोजिमका अन्य कागजातहरु

डा. रेवती रमण पौडेल
सचिव

अनुसूची -४

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित )

<u>जैविक पदार्थ निकासी पैठारी सिफारिसको लागि दिईने निवेदनको ढाँचा</u>

मिति ...............................

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।

विषयः सिफारिस पत्र पाऊँ ।

मैले/हामीले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १८ अनुसार तल उल्लेख भए बमोजिमको जैविक पदार्थ निकासी/पैठारी गर्नका लागि सिफारिस पत्र पाउन अनुरोध गर्दछु/गर्दछौं।

जैविक पदार्थको विवरण:

| **Name of Vaccine** | **Disease** | **Strain** | **Vaccine Type/ Masterseed** | **Packing Dose** | **Quantity of Vial** | **Remarks** |
|---|---|---|---|---|---|---|
| | | | | | | |

निकासी/पैठारी गर्ने

मुलुकको नामः

कम्पनीको नामः

ब्याच न :

मितिः

**(Rapid Test Kit)** र्यापिड टेष्ट किटको विवरण:

| Name of Test Kit | Disease | Company Name | Quantity of Test Kit | Expiry Date | Remarks |
|---|---|---|---|---|---|
| | | | | | |

निवेदकको

नामः

सहीः

ठेगानाः

फार्म/संस्था/उद्योगको नामः

मोवाइल नं.:



डा. रेवती रमण पौडेल
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

संलग्न/प्रविष्ट हुनुपर्ने कागजातहरु

१. नविकरण समेत खुलेको उद्योग/कम्पनी दर्ता प्रमाण-पत्र
२. औषधि व्यवस्था विभागमा दर्ता प्रमाण-पत्र
३. प्यान वा भ्याट दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र
४. इनभ्वाइस पत्र
५. कुखुराको खोपको हकमा वर्डफ्लू मुक्त प्रमाण-पत्र, एस.पी.एफ. अण्डाबाट बनेको प्रमाणपत्र
६. पहिला पैठारी गरिएको भएमा सोको प्रमाण
७. गुणस्तर परिक्षण प्रतिवेदन

नयाँ देश, कम्पनी र Strain भए थप आवश्यक कागजातहरु:

१. पैठारी गर्न लागिएको जैविक पदार्थ सम्बन्धी ब्रोसर (Registration Dossier)
२. कम्पनीको आधिकारिक पत्र
३. कम्पनीबाट गुणस्तर परीक्षण गरिएको प्रमाणपत्र
४. मान्यता प्राप्त प्रयोगशालाबाट खोप उत्पादन गर्न स्विकृति दिएको प्रमाणपत्र
५. आवश्यकता अनुसार टेस्ट किट (पोजेटिभ/नेगेटिभ एन्टीजेन, एन्टीसिरम, रिएजेन्ट, रसायनहरु आदि) उपलब्ध गराउनु पर्ने ।
६. मास्टर सिडको हकमा उत्पत्तिको प्रमाणपत्र (Certificate of origin)
७. मास्टर सिडको हकमा Free sale Certificate
८. विभागले माग गरे अनुसार कानुन बमोजिमका अन्य कागजातहरु

र्‍यापिड टेष्ट किटको (**Rapid Test Kit**) हकमा आवश्यक कागजातहरु:

१. पैठारी गर्न लागिएको र्‍यापिड टेष्ट किट सम्बन्धी ब्रोसर
२. उपसमितिले तोके अनुसारको **Sensitivity** र **Specificity** सम्बन्धी कागजात
३. कम्पनीबाट गुणस्तर परीक्षण गरिएको प्रमाण (**Performance Validation Report**)
४. विभागले माग गरे अनुसार कानुन बमाजिमका अन्य कागजातहरु
५. सिफारिस समितिबाट थप परिक्षणका लागि माग गरिएका विवरण/**Reagent Kits**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल
सचिव

अनुसूची -५

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

पशु दाना/फिड सप्लिमेन्ट/फिड प्रिमिक्स/टि एम आर/साइलेज/ हे/हेलेज/मिनरल ब्लक/ दाना बनाउने कच्चा पदार्थ निकासी/पैठारी सिफारिसको लागि दिइने निवेदनको ढाँचा

मितिः ................................

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।

विषयः सिफारिस पत्र पाऊँ ।

उपरोक्त विषयमा मैले/हामीले मिति....................मा.................(देशको नाम) को ........................ कम्पनीबाट उत्पादित पशु दाना/फिड सप्लिमेन्ट/फिड प्रिमिक्स/टि एम आर/साइलेज/हे/हेलेज/मिनरल ब्लक/दाना बनाउने कच्चा पदार्थ निकासी/पैठारी गर्न लागेको हुँदा नियमानुसार सिफारिस पत्र पाउन अनुरोध गर्दछु/गर्दछौं।

निवेदकको
नामः
सहीः
ठेगानाः
फार्म/संस्था/उद्योगको नामः
मोवाइल नं.:

संलग्न/प्रविष्ट हुनुपर्ने कागजातहरु

१. फर्म (व्यवसाय) कम्पनी वा उद्योग दर्ता भएको प्रमाण-पत्र
२. स्थायी लेखा नम्बर वा भ्याट दर्ता प्रमाण-पत्र
३. कर चुक्ता गरेको प्रमाण-पत्र
४. निकासी/पैठारी गरिने वस्तुको नाम, बनावट, ईन्डिकेशन, मात्रा उल्लेख भएको सक्कल वा उत्पादक कम्पनीबाट व्याख्या गरी प्रिन्ट एवं प्रमाणित गरिएको आलेख
५. निकासी/पैठारी गरिने वस्तुको सम्बन्धित उत्पादक देशको आधिकारिक प्रयोगशालाबाट विश्लेषण गरेको विश्लेषण नतिजा (Label claim मिलेको हुनुपर्ने)
६. पशु दानाको हकमा त्यसको पोषक तत्वको विश्लेषण र एन्टिवायोटिक अवशेष नभएको रिपोर्ट
७. इन्भ्वाईस पत्र
८. विभागले माग गरे अनुसार कानुन बमोजिमका अन्य कागजातहरु

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल
सचिव

अनुसूची -६

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**निःसंक्रमणमा प्रयोग हुने रसायन सम्बन्धी उत्पादनहरु निकासी पैठारी सिफारिसको लागि दिइने निवेदनको ढाँचा**

मितिः ..................................

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।

विषयः सिफारिस पत्र पाऊँ ।

उपरोक्त विषयमा मैले/हामीले मितिः ................... मा............................... (देशको नाम) ........................ कम्पनीबाट उत्पादित निःसंक्रमणमा प्रयोग हुने रसायन सम्बन्धी उत्पादनहरु निकासी/पैठारी गर्न लागेको हुँदा सिफारिस पत्र पाउन अनुरोध गर्दछु/गर्दछौं।

निवेदकको
नामः
सहीः
ठेगानाः
फार्म/संस्था/उद्योगको नामः
मोबाइल नं.:

संलग्न/प्रविष्ट हुनुपर्ने कागजातहरु

१. फर्म (व्यवसाय) कम्पनी वा उद्योगमा दर्ता भएको प्रमाणपत्र
२. प्यान वा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. कर चुक्ता प्रमाणपत्र
४. निकासी/पैठारी गरिने वस्तुको नाम, बनावट, ईन्डिकेशन, मात्रा उल्लेख भएको सक्कल वा उत्पादक कम्पनीबाट व्याख्या गरी प्रिन्ट एवं प्रमाणित गरिएको आलेख
५. निकासी/पैठारी गरिने वस्तुको सम्बन्धित उत्पादक देशको आधिकारिक प्रयोगशालाबाट विश्लेषण गरेको विश्लेषण नतिजा (Label claim अनुसार हुनुपर्ने)
६. इन्भ्वाइस पत्र
७. विभागले माग गरे अनुसार कानुन बमोजिमका अन्य कागजातहरु

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

डा. रेवती रमण पौडेल
सचिव

अनुसूची -७

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

<u>माछाका भुरा/चल्ला/ह्याचीङ अण्डा/विक्री वितरणको लागि दिईने निवेदनको ढाँचा</u>

मितिः ............................

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन ललितपुर।

विषयः अनुमति पत्र पाऊँ ।

मैले/हामीले ..................................... फार्मबाट उत्पादित माछाका भुरा/चल्ला/ह्याचीङ अण्डा/विक्री वितरण गर्न अनुमति पत्र पाउन आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं ।

<u>विवरणहरु</u>

१. संस्था, फार्म वा उद्योगको नाम ठेगानाः
२. विक्री वितरण गर्न लागिएको वस्तुको नामः
३. जातः
४. विक्री वितरण हुने परिमाणः
५. विक्री गरिने स्थानः
६. विक्री अनुमति अवधिः

निवेदकको
नामः
सहिः
ठेगानाः
फार्म/संस्था/उद्योगको नामः
मोवाइल नं.:

<u>संलग्न/प्रविष्ट हुनुपर्ने कागजातहरु</u>

१. भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस
२. उद्योग/ कम्पनी दर्ता प्रमाण-पत्र
३. प्यान /भ्याट दर्ता प्रमाण-पत्र
४. कर चुक्ता प्रमाण-पत्र
५. विभागले माग गरे अनुसार कानुन बमोजिमका अन्य कागजातहरु



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल
सचिव

अनुसूची -८

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

पशु दाना/फिड सप्लिमेन्ट/फिड प्रिमिक्स/टि एम आर/साइलेज/ हे/हेलेज/मिनरल ब्लक बिक्रि वितरण अनुमतिको लागि दिइने निवेदनको ढाँचा

मितिः ...............................

श्रीमान महानिर्देशकज्यू,
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर।

विषयः अनुमति पत्र पाऊँ ।

मैले/हामीले.....................................उद्योग/फर्मबाट उत्पादित पशु दाना/फिड सप्लिमेन्ट/फिड प्रिमिक्स/टि. एम. आर./साइलेज/हे/हेलेज/मिनरल ब्लक विक्री वितरण गर्न अनुमति पत्र पाउन आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं ।

विवरणहरु

१. फर्म वा उद्योगको नाम र ठेगानाः
२. विक्री वितरण गर्न लागिएको वस्तुको नामः
४. विक्री वितरण हुने परिमाणः
५. विक्री गरिने स्थानः

निवेदकको
नामः
सहिः
ठेगानाः
फार्म/संस्था/उद्योगको नामः
मोवाइल नं.:

संलग्न हुनुपर्ने कागजातहरु

१. विक्री वितरण हुने वस्तुको नाम र परिमाणका साथै चारित्रिक बनावट खुल्ने कागजात
२. उद्योग/ कम्पनी दर्ता प्रमाणपत्र
३. प्यान/भ्याट दर्ता प्रमाणपत्र
४. कर चुक्ता प्रमाणपत्र
५. माग गरेका अवधिभरि उत्पादन हुने परिमाणको विवरण

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

डा. रेवती रमण पौडेल
सचिव

६. विक्रिवितरण हुने वस्तुको मान्यता प्राप्त प्रयोगशालावाट विश्लेषण गरिएको रिपोर्ट (Label claim अनुसार हुनुपर्ने)

७. विक्रीवितरण हुने वस्तुको पोषकतत्वको विश्लेषण र एन्टिवायोटिक अवशेष नभएको रिपोर्ट

८. विभागले माग गरेको कानून बमोजिमका अन्य कागजात

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल
सचिव

अनुसूची -९

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

## पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीको दर्ता/नविकरणको लागि दिईने निवेदनको ढाँचा

मितिः ............................

श्रीमान् महानिर्देशकज्यू,
पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।

विषयः दर्ता/नवीकरण गरी पाऊँ।

उपरोक्त विषयमा मैले/हामीले ............................ मा .................................... कम्पनीबाट उत्पादित र वितरित कच्चा पदार्थहरु पैठारी गरी पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्री निकासी/पैठारी गर्दै आइरहेको/गर्ने लागेको हुदा व्यापार गर्दै आएकोमा चालु आर्थिक वर्षमा समेत उक्त पदार्थहरुको व्यापार गर्न इच्छुक भएकोले निम्नानुसार तोकिएको ढाँचामा उक्त पदार्थहरुको विवरण भरी दर्ता/नविकरण प्रयोजनको लागि पेश गरेको छु/गरेका छौ।

अभिलेखीकरण/नविकरण गर्ने वस्तुः पशु दाना/फिड प्रिमिक्स/फिड सप्लिमेन्टको नाम

| क.सं | वस्तुको विवरण | विवरण |
|---|---|---|
| १ | वस्तुको वर्गिकरण (पशु/ पशुजन्य पदार्थ/पशु उत्पादन सामाग्री) | |
| २ | वस्तुको व्यापारीक नाम | |
| ३ | वस्तुमा भएको मिलावट (प्रति युनिट) | |
| ४ | वस्तुको उत्पादन गर्ने कम्पनी | |
| ५ | मुलुक | |
| ६ | वस्तुको प्रयोजन | |
| ७ | वस्तुको प्याकिङ्ग साइज | |
| ८ | प्याकेजिङ्गमा प्रयोग हुने चिजको विवरण | |
| ९ | उत्पादन गर्ने कम्पनिको ISO/GMP/HACCAP/ नम्वर र जारी गर्ने एजेन्सी | |
| १० | सम्बन्धित देशको आधिकारीक निकायमा दर्ता भएको भए दर्ता प्रमाण पत्र जारी गर्ने निकाय र नम्वर | |

निवेदकको
नामः
सही
फर्म/उद्योगको नामः
ठेगानाः
सम्पर्क नम्बरः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल
सचिव

संलग्न हुनुपर्ने कागजातहरु:

१. फर्म, व्यवसाय, कम्पनी वा उद्योग दर्ता भएको प्रमाणपत्र

२. प्यान वा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि

३. कर चुक्ता प्रमाणपत्र

४. पैठारी गरिने कम्पनीबाट जारी गरिएको नेपालमा बिक्रीवितरण गर्न सक्ने आधिकारिक पत्र

५. पैठारी गरिने फिड प्रिमिक्स र फिड सप्लिमेन्टको लेवल सहितको प्रत्येक उत्पादनको नमूनाको कम्तिमा २५ प्रतिशत चारित्रिक बनावटको विश्लेषण गरिएको रिपोर्ट (नयां फिड प्रिमिक्स र फिड सप्लिमेन्टको सिफारिस माग गर्ने फर्मको लागि)

६. पैठारी गरिने पशु दाना, फिड प्रिमिक्स र फिड सप्लिमेन्टको नाम बनावट, ईन्डिकेशन र मात्रा उल्लेख भएको सक्कल वा उत्पादक कम्पनीबाट व्याख्या गरी प्रिन्ट एवं प्रमाणित गरिएको आलेख

७. पैठारी गरिने पशु दाना, फिड प्रिमिक्स र फिड सप्लिमेन्टको सम्बन्धित उत्पादक देशको आधिकारिक प्रयोगशालाबाट विश्लेषण गरेको विश्लेषण नतिजा

८. फर्मका मुख्य संचालकको नागरिकताको प्रमाणपत्र

९. आवश्यक कच्चा पदार्थ सहितको वार्षिक उत्पादन हुने पशु दाना, फिड प्रिमिक्स र फिड सप्लिमेन्टको लिष्ट पेश गर्नुपर्ने

१०. विभागले माग गरे अनुसार कानुन बमोजिमका अन्य कागजातहरु

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल
सचिव

अनुसूची -१०

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

निकासी/पैठारी को लागि विभागबाट सिफारिस दिन सकिने वस्तुहरु

१. जीवित घरपालुवा पशुहरु
२. नक्ष्ल सुधारका लागि आवश्यक पर्ने जीवित पशु,
३. उन्नत नक्ष्लका पशुको विर्य, भ्रूण
४. अण्डा, चल्ला
५. उन, छाला हाडको धुलो, सिङ्ग, खुर इत्यादी
६. दुध, धुलो दुध, दिह, वटर, क्रिम, पनिर, र अन्य दुग्धजन्य पदार्थहरु
७. प्रशोधित वा अप्रशोधित मासु तथा माछा
८. पशुमा प्रयोग हुने जैविक पदार्थहरु
९. पशु उत्पादन प्रक्रियामा लाग्ने सामाग्रीहरु
१०. माछाको प्रजननमा प्रयोग गरिने हर्मोनहरु
११. माछाको नर्सिङ्ग व्यवस्थापनका लागि लाइभ फीड (live feed), zooplankton तथा phytoplankaton, एक लिङ्गिय टिलापिया भुरा उत्पादनका लागि आहारामा प्रयोग गरिने हर्मोन

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल
सचिव

अनुसूची -११

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

<u>पैठारीको लागि विभागबाट सिफारिस दिन सकिने फिड सप्लिमेन्ट तथा अन्य वस्तुहरु</u>

निम्नानुसारका पशुपन्छीको तयारी दाना, दानाका कच्चा पदार्थ, फिड प्रिमिक्स, फिड सप्लिमेन्ट एवं फिड सप्लिमेन्टका कच्चा पदार्थहरु बाह्य मुलुकबाट पैठारी गर्नका लागि सिफारिस गर्न सकिनेछः

१. पशुपन्छीको तयारी दाना

२. पशुपन्छीको दानाका निम्नानुसारका कच्चा पदार्थहरु

दानाका कच्चा पदार्थहरुः

| क्र. सं | कच्चा पदार्थको नाम | क्र. सं. | कच्चा पदार्थको नाम |
|---|---|---|---|
| १ | मकै | २० | सूर्यमुखीको गेडा |
| २ | गहुं | २१ | ढुटोको पिना |
| ३ | गहुंको चोकर | २२ | सूर्यमुखीको पिना |
| ४ | जौ | २३ | सालसिडको पिना |
| ५ | मेज ग्लुटेन | २४ | कपासको गेडाको पिना |
| ६ | तोरीको पिना | २५ | सिद्रा/ प्राउन |
| ७ | धानको ढुटो | २६ | हाडको धुलो |
| ८ | जुनेलो | २७ | मासुको धुलो |
| ९ | जै | २८ | ब्लड मिल |
| १० | कागुनु | २९ | चुन ढुङ्गाको धुलो |
| ११ | वनस्पति तेल र भटमासको तेल | ३० | खुदो |
| १२ | चुन्नी | ३१ | कुखुराको सुली |
| १३ | भटमासको पिना | ३२ | जनावरको बोसो |
| १४ | तिलको पिना | ३३ | सिपिको टुक्रा |
| १५ | बदामको पिना | ३४ | चून |
| १६ | आलसको पिना | ३५ | नून |
| १७ | राइस पोलिस र डिआयल्ड राइस पोलिस | ३६ | ब्रुअरि सह-उत्पादन |
| १८ | डिआयल्ड सिल्कवर्म प्युपा | ३७ | डिस्टिलरी ड्राइड ग्रेनस् |
| १९ | भटमास | ३८ | क्यानोला मिल |

३. Feed Supplements

(क) Non-nutrient feed supplements (Enzymes, Toxin Binder, Anti-oxidant, Emulsifier, Preservative, Stabilizer, Coloring, Flavoring agent, Anti-caking agent, Mineral absorption enhancers, and Pellet binders.



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौं

डा. रेवती रमण पौडेल सचिव

(ख) Probiotics/prebiotics/Phytobiotics/ Acidifier/ Organic acid
(ग) Vitamins, Minerals, Amino acids
(घ) Monocalcium phosphate, Dicalcium phosphate, Tricalcium phosphste, Sodium Bicarbonate, Electrolytes
(ङ) Soya lecithin
(च) Herbal products

४. अन्य (Liver tonic, Nephrotonic, Digestion Enhancers)

४.१ Coccidiostats

| | | | |
|---|---|---|---|
| १ | Amprolium | ५ | Lasalosid |
| २ | Diclazuril | ६ | Toltrazurin |
| ३ | Clopidol | ७ | Monensin sodium |
| ४ | DOT | ८ | Halofuginone |
| ९ | Maduramycin | १० | Nicarbazin |

नोटः माथि उल्लेखित फिड सप्लिमेन्टको दानामा समावेश गरिने न्यूनतम मात्राको निर्धारण गर्दा कार्यालयले प्राविधिक आधार तथा उत्पादक कम्पनीको आधिकारिक सिफारिसका आधारमा आ.व. को शुरुको महिनामा यकिन गर्नुपर्नेछ। कार्यालयले सोको जानकारी कार्यालयको सूचना पाटीमा टाँस गर्नेछ।

५. नेपाल सरकारले नेपाल राजपत्रमा तोके अनुसारका मालवस्तुहरु।

६. मान्यता प्राप्त उद्योगहरुबाट उत्पादित एन्टीवायोटिक्स मिश्रण नभएका पशुपन्छीको दानामा समिश्रण गरिने पाउडर फिड सप्लिमेण्ट तथा पानीमा मिसाएर खुवाउने तरल फिड सप्लिमेन्टहरु।

७. उपरोक्त प्राविधिक आधारमा सिफारिस गरिने फिड सप्लिमेन्टमा निम्न अनुसारको लेवल हुनुपर्ने छ।

१. उत्पादकको नाम र ठेगाना
२. ब्याच नं. वा कोड नं.
३. रसायनहरुको बनावट तथा कम्पोजिसन
४. उत्पादित मिति र प्रयोग गर्न सकिने अन्तिम मिति
५. उपभोक्ता वा खुद्रा मूल्य
६. खुद तौल
७. दाना, पशुपन्छीहरुलाई मात्र प्रयोग हुने बारेको सूचना

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

डा. रेवती रमण पौडेल
सचिव

## अनुसूची १२

### (दफा १० को उपदफा (२) सँग सम्बन्धित)

### डिसइन्फेक्टेन्ट वा सो सँग सम्बन्धित अन्य उत्पादनहरुको सूची

१. Alcohols: ethyl alcohol (70%), isopropyl alcohol (50%), benzyl alcohol
२. Phenols and Phenolics: Cresol solutions : Lysol, Isal, Cydlin, Creolin, Cresylin, Cresol, Phenolic Acid, phenol, hexyl resorcinol, hexachlorophene, chloroxylenol
३. Heavy Metals and their compounds: mercuric chloride, merchurochrome, $AgNO_3$, $ZnO$, $CuSO_4$
४. Oxidizing agents: $H_2O_2$, $KMnO_4$, Zn permanganate, sodium perborate, benzoyl peroxide
५. Reducing agents/ Alkylating agents: formaldehyde, ethylene oxide (gas), glutaraldehyde
६. Dyes: acriflavine, euflavine, proflavine, gentian violet, crystal violet, methylene blue, brilliant green, fluorescein dye, aminocrine
७. Detergents/surfactants/Wetting agents/Cleansers: cationic - Quaternary Ammonium Compounds (QACs or Quats): Cetrimide, Cetyl trimethyl ammonium bromide, benzalkonium chloride, benzethonium chloride, cetrimide, acertyl pyridinium chloride) anionic (soaps) nonionic (amphoteric)
८. Acids and alkalies: Acetic acid, benzoic acid, Sodium Hydroxide (NaOH - Lye), Washing soda/ Soda Ash (sodium carbonate - $Na_2CO_3$), quick lime (CaO), Slaked lime
९. Strong mineral acids (HCl, $H_2SO_4$, etc) in concentrations of 0.1-1 N, Citric Acid
१०. Halogens: Iodine Iodophores, Tamed Iodine, Chlorine, bromine
११. Miscellaneous/Biguanides-chlorhexidine HCl
१२. Sodium hydroxide
१३. Potassium hydroxide
१४. Sodium sulphide
१५. Paraformaldehyde ($NaPO_4$)
१६. Alkyl Dimethyl Ethylbenzyl Ammoniun Chloride, Benzalkonium Chloride
१७. Pottassium Peroxymonosulfate and Sodium Chloride
१८. Biodan, TRL 35 Germicidal Detergent
१९. TRL 132 Phenol Disinfectant Cleaner
२०. Glutaraldehyde, 1,6 Dihydroxy 2,5 Dioxahexane, Polymethylol urea derivatives
२१. Sodium hypochlorite (Household bleach)
२२. Peroxyacetic Acid (PAA)
२३. Chlorine dioxide
२४. Chloramines
२५. Ethanol, Chloro-o-benzylphenol, o-Phenylphenol, Lactic acid
२६. Disfect-S, TH-4, Sanitech, Aldipol A-H, Qualitrol
२७. Alkyl dimethyl benzyl ammonium chloride, Didecyl dimethyl ammonium chloride, Octyl decyl dimethyl ammonium chloride ,Dioctyl dimethyl ammonium chloride, Sodium dichloroisocyanurate dehydrate, Acitar (Glutaraldedyde and Benzalkonium chloride)
२८. Silvicide (0.01% Silver Nitrate and 10% Hydrogen Peroxide)
२९. Opahyde (Ortho-phthalaldehyde 0.55%, Alizarine Cyanine)
३०. Novacide (Hexamethylene biguanide hydro chloride, Didecyl dimethyl ammonium chloride)

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल
सचिव

## अनुसूची -१३

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

**परिक्षणको लागि आवश्यक पर्ने नमूना**

<table>
<tr><td colspan="5">नियमित परीक्षणको लागि निम्न बमोजिम भाएल प्रति Serial बुझाउनु पर्दछ।</td></tr>
<tr><td rowspan="3">१. रोग निदानका सामग्रीहरु, Colostrol whey products, एन्टिजेन - टक्स्वाइड, Pasteurella haemolytica/Haemophilus somnus भएका जीवाणु वा extract (चौपाया मात्र) बाहेक हरेक जैविकी उत्पादनहरुको हकमा</td><td colspan="4">भाएलको नाप</td></tr>
<tr><td>१० एम.एल. भन्दा कम</td><td>१०—२० एम.एल</td><td>२१—१०० एम.एल</td><td>१०० एम.एल. भन्दा बढी</td></tr>
<tr><td>१०</td><td>८</td><td>३</td><td>२</td></tr>
<tr><td>२. रोग निदानका सामग्रीहरु (Diagnostic kits)</td><td colspan="4">कम्तिमा २ सेट (Set) सामग्रीहरु (kits)</td></tr>
<tr><td>३. Colostrol whey products</td><td colspan="4">कम्तिमा ५ मात्रा</td></tr>
<tr><td>४. एन्टिजेन - टक्स्वाइड</td><td colspan="4">कम्तिमा ३ एम.एल</td></tr>
<tr><td>५. Pasteurella haemolytica / Haemophilus somnus भएका जीवाणु वा extract (चौपाया मात्र)</td><td colspan="4">नं.१ मा उल्लेखित भाएल संख्या बाहेक, बराबर मात्रामा Pre-adjuvanted material पठाउनु अनिवार्य हुनेछ ।</td></tr>
</table>

द्रष्टव्य:

१. उत्पादक वा कार्यालयले कम्तिमा छ महिनासम्म परिक्षणको लागि प्राप्त भएका नमूनाहरु मध्ये केही नमूनाहरु सञ्चय गर्नु पर्नेछ। पुनः परिक्षण गर्नु परेमा यसै नमूनालाई उपयोग गर्नुपर्नेछ ।

२. यसमा उल्लेख नभएका विषयवस्तुको हकमा WOAH Technical Manual मा उल्लेख भए बमोजिम हुनेछ।

३. Freeze Dried Vaccine को हकमा १० vial नमुना उपलब्ध गराउनुपर्नेछ ।

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं

डा. रेवती रमण पौडेल
सचिव